# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, फागुन १६ गते, २०७९ साल (अतिरिक्ताङ्क ३३


## भाग १

गण्डकी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको ऐन नं ११

## केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको ऐन

**प्रस्तावना**: प्रचलित प्रदेश ऐनमा समसामयिक सुधार गर्न केही प्रदेश ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

"(४) उपदफा (३) बमोजिमको सुझावहरू कार्यान्वयन गर्नु स्थानीय तहको कर्तव्य हुनेछ।"

(१०) अनुसूची-१ मा रहेका "अनुसूची-१" भन्ने शब्दहरुको सट्टा "अनुसूची" भन्ने शब्द राखिएको छ।

१६. **ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ मा संशोधनः** ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ को,-

(१) दफा १ उपदफा (१) मा रहेका "ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको जलाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

(३) दफा ६ को उपदफा (१) को खण्ड (च) मा रहेका "भौगोलिक सूचना प्रणाली (जिओग्राफिकल इन्फरमेशन सिस्टम) मा वातावरणीय योजना र" भन्ने शब्दहरूबाट "वातावरणीय योजना र" भन्ने शब्दहरु झिकिएका छन्।

(४) दफा ७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, वन, वातावरण तथा जलाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय - अध्यक्ष

(ख) गण्डकी प्रदेश भित्र रहेका स्थानीय तहका प्रमुखहरु मध्येबाट प्रदेश सरकारले मनोनीत गरेको एक जना - उपाध्यक्ष

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सचिव, ताल संरक्षण सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ङ) सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(च) सचिव, जलस्रोत सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(छ) सचिव, आर्थिक मामिला हेर्ने मन्त्रालय - सदस्य

(ज) महाशाखा प्रमुख वा प्रतिनिधि, वन तथा वातावरण मन्त्रालयको सम्बन्धित महाशाखा -सदस्य

(झ) ताल क्षेत्रमा आश्रित भई जीविकोपार्जन गर्ने समुदाय वा सरोवाकारवाला सङ्घ संस्थाका प्रतिनिधि कम्तीमा एक जना महिला सहित दुई जना प्रदेश सरकारबाट मनोनीत -सदस्य

(ट) वन-वातावरण, भू तथा जलाधार र पर्यटनका विषय विज्ञ कम्तीमा एक महिला सहित तीन जना प्रदेश सरकारबाट मनोनीत - सदस्य

(५) दफा १४ को,-

(क) उपदफा (७) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) निजले आफ्नो पदबाट प्रदेश सरकार समक्ष राजीनामा दिएमा,"

(ख) उपदफा (७) पछि देहायको उपदफा (७क) थपिएको छः-

"(७क) उपदफा (७) बमोजिम कार्यकारी प्रमुखको पद रिक्त भएमा मन्त्रालयले विषयगत महाशाखा प्रमुख वा मातहतको निकाय/कार्यालयको अधिकृतस्तर नवौं वा दशौं तह वा सो सरहको निजामती कर्मचारीलाई कार्यकारी प्रमुखको रुपमा समेत कामकाज गर्ने गरी तोक्न सक्नेछ।"

(६) दफा १५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठकमा पेस गरिने प्रस्तावहरुको सूची तयार गर्ने,

(ख) प्राधिकरणमा प्राप्त भएका प्रस्तावहरुको सूची तयार गरी मूल्याङ्कन सहित समिति समक्ष पेस गर्ने,

(ग) समितिबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने,

(घ) समिति तथा कार्यालयको वार्षिक बजेट र कार्यक्रम तयार गर्ने र स्वीकृतिका लागि समिति समक्ष पेस गर्ने,

(ङ) समितिबाट कार्यान्वयनका लागि स्वीकृत परियोजनाहरुको कार्यान्वयनको अनुगमन, समीक्षा, मूल्याङ्कन गर्ने वा गराउने,

(७) दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छ:-

"१६. <u>प्राधिकरणको संगठन संरचना र कर्मचारी:</u> (१) प्राधिकरणको कार्यसञ्चालनको लागि आवश्यक संगठन संरचना प्रदेश सरकारले स्वीकृत गर्नेछ।

(२) प्राधिकरणको कार्यसञ्चालनको निमित्त आवश्यक कर्मचारी प्रदेश सरकारले व्यवस्था गर्नेछ।"

(८) दफा २२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:-

"(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।"

१७. **<u>प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ मा संशोधन:</u>** प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को सट्टा देहायको दफा २ राखिएको छ:-

"२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उद्योग" भन्नाले दफा १५ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ख) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले मन्त्रालय, मन्त्रालय मातहतको निर्देशनालय वा कार्यालय सम्झनु पर्छ ।

(ग) "एकल विन्दु सेवा केन्द्र" भन्नाले दफा २७ बमोजिमको एकल विन्दु सेवा केन्द्र सम्झनुपर्छ।

(घ) "औद्योगिक प्रवर्धन बोर्ड" भन्नाले दफा २३ बमोजिम गठन भएको बोर्ड सम्झनु पर्छ।